# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति:२०८३।१।०२ गते

सिमकोट गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा सञ्चालित टुलिंग खानेपानी तथा सरसफाइ योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् खरिद मिति २०८२/१२/०४ प्रकाशित सुचना अनुसार तपशिलको ठेका न TWASH/SQ/०४/०८२/०८३ मा कुनै पनि प्रस्ताव पेर्श नभएकाले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र गरिएको छ ।

तपसिल

| सिलबन्दी दरभाउपत्र नम्बर | योजनाको नाम | उपभोक्ता समितिका बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट बाहेकको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बालपत्र जमानत बापतको रकम रु |
|---|---|---|---|---|---|
| TWASH/SQ/०४/०८२/०८३ | टुलिंग खानेपानी तथा सरसफाइ योजना, सिमकोट ७ | ४१९०१०००१०६३२००१ | ८,५६,५६०.६२ | १,०००.०० | २१,४००.०० |

शर्तहरु

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखीत शुल्क तिरी (पछि फिर्ता नहुने गरी) सिमकोट गाउँपालिका सिमकोट शाखामा रहेको राष्ट्रिय बाणिज्य बैंक स्थित शाखामा रहेको सञ्चित/आन्तरिक कोष खाता नं ४१९०१००३०१०१००००३मा नगद रकम दाखिला गरेको भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाइनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ताको समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पब्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले सातौ दिनको (२०८३।१।८गते) कार्यालय समय भित्र सिमकोट गाउँकार्यपालिकाको कार्यालय को समय अवधि भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको आठौ दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बालपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिका बैंकमा रहेको खाता नम्बरमा नगद जम्मा गरेको सक्कल भौचर र उपभोक्ता समितिका अध्यक्षलाइ निवदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रत्येक योजनाको छुट्टा छुटै भरि छुट्टाछुटै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने ब्यहोरा लेख्नुपर्नेछ ।

३. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र बढि घटि भएमा कार्य सम्पादन जमानत रकमरु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कबोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सातौ दिनको १२ बजे भित्र प्राप्त सिमकोट गाउँपालिका को कार्यालयमा पेश गर्न सकिनेछ ।

५. सप्लाई हुन सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ।

६. उपरोक्तअनुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।१।१० मा गाउँकार्यपालिकाको कार्यालय सिमकोटमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुर्नेछैन।

७. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुन छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ। यस सम्बन्धि थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ। अन्य शर्तहरु आयोजनाको कार्यविधि बमोजिम हुनेछ।

१०. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना गाउँपालिका, सूचना पाटीमा टाँस गरिनेछ ।

११. अन्य थप जानकारी चाहिएमा हुम्ला जिल्ला, सिमकोट गाउँपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८५८०२२७४२ वा ९८४८३२८५८६ मा सम्पर्क गर्न सकिनेछ।

खरिद समिति